# पालुङटार नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

पालुङटार, गोरखा

**गण्डकी प्रदेश, नेपाल**

# पालुङ्टार नगरपालिकाको क्षेत्राधिकारभित्रको नदिजन्य पदार्थ (ढुंगा, गिट्टी, बालुवा आदी) उत्खनन् तथा बिक्रीसम्बन्धी गोप्य शिलबन्दी बोलपत्र आह्वानको सूचना

प्रथम पटक प्रकाशित सूचना :२०७५/०८/१२

स्थानीय सरकार संचालन ऐन २०७४ को प्रावधान (दफा ११ र ६४) एवं पालुङ्टार नगरपालिका,नगरकार्यपालिकाको कार्यालयको निर्णय वमोजिम आ.व.२०७५/०७६ को लागी यस कार्यालयले तोकेको दररेटको आधारमा बार्षिक न्यूनतम रकमबाट बढाबढ हूने गरी पालुङ्टार नगरपालिका क्षेत्र अन्तगत पर्ने देहायका शीर्षकहरुमा ठेक्का वन्दोवस्त गर्नूपर्ने भएकोले यस सम्बन्धी कार्यको ठेक्का लिन चाहने फर्म वा कम्पनीहरुबाट निम्न लिखित शर्तको अधिनमा रहि आफ्नो फर्म नवीकरण भएको प्रमाणपत्र, मु.अ.कर दर्ता प्रमाणपत्र/स्थायी लेखा दर्ता प्रमाणपत्र तथा आर्थिक बर्ष ०७४/७५ को कर चूक्ताको प्रमाणित प्रतिलिपीहरु पेश गरी रितपुर्वकको गोप्य शिलवन्दी वोलपत्र आव्हान गरिएको छ ।

नदिजन्य पदार्थ संकलन, विक्री तथा उत्खनन् करः

| क्र.स. | ठेक्का नं. | विवरण | अधिकतम परिणाम (घनफिट) | न्युनतम अंक (मु.अ.क. र अग्रिम आय कर बाहेक) | बोलपत्र फारम दस्तुर | घरौटी रकम | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | PMUN/ GORKHA/ 04/2075/76 | पालुङ्टार नगरपालिका, वडा नं ०३ क्षेत्र भएर बग्ने चम्पावती (चेपे) नदिको एक्ले साँघु घाटको ढुंगा गिट्टी बालुवा | १९०५५० | ११४३३०० (एघार लाख त्रिचालिस हजार तिन सय मात्र ) | १००० मात्र | कबोल अंकको ५ प्रतिशत | |
| २ | PMUN/ GORKHA/ 05/2075/76 | पालुङ्टार नगरपालिका, क्षेत्र भएर बग्ने मर्स्याङ्दी नदिको बालुवा बगरको ढुंगा गिट्टी बालुवा | १८८६०० | ११३१६०० (एघार लाख एकतिस हजार छ सय मात्र ) | १००० मात्र | कबोल अंकको ५ प्रतिशत | |
| ३ | PMUN/ GORKHA/ 06/2075/76 | पालुङ्टार नगरपालिका, क्षेत्र भएर बग्ने मर्स्याङ्दी नदिको भोटे बगरको ढुंगा गिट्टी बालुवा | १४२२०० | ८५३२०० (आठ लाख त्रिपन्न हजार दुई सय मात्र ) | १००० मात्र | कबोल अंकको ५ प्रतिशत | |
| ४ | PMUN/ GORKHA/ 07/2075/76 | पालुङ्टार नगरपालिका, क्षेत्र भएर बग्ने मर्स्याङ्दी नदिको ढिकुरे बगरको ढुंगा गिट्टी बालुवा | २०३२०० | १२१९२००(बाह्र लाख उनाइस हजार दुई सय मात्र) | १००० मात्र | कबोल अंकको ५ प्रतिशत | |
| ५ | PMUN/ GORKHA/ 08/2075/76 | पालुङ्टार नगरपालिका, क्षेत्र भएर बग्ने मर्स्याङ्दी नदिको सति घाट बगरको ढुंगा गिट्टी बालुवा | ३०८२७० | १८४९६२० (अठार लाख उनानपचास हजार छ सय बिस ) | १००० मात्र | कबोल अंकको ५ प्रतिशत | |
| ६ | PMUN/ GORKHA/ 09/2075/76 | पालुङ्टार नगरपालिका, क्षेत्र भएर बग्ने मर्स्याङ्दी नदिको मजुवा बगरको ढुंगा गिट्टी बालुवा | १७७८०० | १०६६८०० (दश लाख छैसट्ठी हजार आठ सय मात्र) | १००० मात्र | कबोल अंकको ५ प्रतिशत | |
| ७ | PMUN/ GORKHA/ 10/2075/76 | पालुङ्टार नगरपालिका, क्षेत्र भएर बग्ने मर्स्याङ्दी नदिको अबंडा बगरको ढुंगा गिट्टी बालुवा | २४०८०० | १४४४८०० (चौध लाख चौवालिस हजार आठ सय मात्र) | १००० मात्र | कबोल अंकको ५ प्रतिशत | |
| ८ | PMUN/ GORKHA/ 11/2075/76 | पालुङ्टार नगरपालिका, क्षेत्र भएर बग्ने मर्स्याङ्दी नदिको चनौटे घाटको ढुंगा गिट्टी बालुवा | १२७००० | ७६२००० (सात लाख बैसठी हजार मात्र ) | १००० मात्र | कबोल अंकको ५ प्रतिशत | |
| ९ | PMUN/ GORKHA/ 12/2075/76 | पालुङ्टार नगरपालिका, क्षेत्र भएर बग्ने दरौदी नदिको दश किलो घाट -१ को ढुंगा गिट्टी बालुवा | ३२८००० | १९६८०००( उन्नाईस लाख अड्सठी हजार मात्र ) | १००० मात्र | कबोल अंकको ५ प्रतिशत | |
| १० | PMUN/ GORKHA/ 13/2075/76 | पालुङ्टार नगरपालिका, क्षेत्र भएर बग्ने दरौदी नदिको दश किलो घाट -२ को ढुंगा गिट्टी बालुवा | ६६६०० | ३९९६००(तीन लाख उन्नान्सय हजार छ सय मात्र) | १००० मात्र | कबोल अंकको ५ प्रतिशत | |
| ११ | PMUN/ GORKHA/ 14/2075/76 | पालुङ्टार नगरपालिका, क्षेत्र भएर बग्ने दरौदी नदिको एघार किलो घाटको ढुंगा गिट्टी बालुवा | १६१९६० | ९७१७६० (नौ लाख एकहत्तर हजार सात सय साठी मात्र ) | १००० मात्र | कबोल अंकको ५ प्रतिशत | |
| १२ | PMUN/ GORKHA/ 15/2075/76 | पालुङ्टार नगरपालिका, क्षेत्र भएर बग्ने भुसुन्डे खोला- १, भुसुन्ड़े खोला - २, को ढुंगा गिट्टी बालुवा | १६१९६० | ९७१७६० (नौ लाख एकहत्तर हजार सात सय साठी मात्र ) | १००० मात्र | कबोल अंकको ५ प्रतिशत | |

बोलपत्र सम्बन्धी शर्तहरु :

१. बोलपत्र फाराम सूचना प्रकाशित भएको मितिले १५ औं दिन सम्म कार्यालय समय भित्र तोकिएको दस्तुर तिरी यस कार्यालयबाट मात्र खरिद गर्न सकिनेछ । बोलपत्र खरिद गर्दा नियमानुसार लाग्ने दस्तुर यस कार्यालयको कृषि विकास बैंक,पालुङ्टार शाखामा रहेको संचित कोष खाता नं ०३१७७००९५९५३१०१० ग-४-१ मा दाखिला गरेको सक्कल भौचर वा कार्यालयको राजस्व शाखामा दाखिला गरेको रसिद पेश गर्नु पर्ने छ | खरिद भएको वोलपत्र फाराममा उल्लेख भएका सबै विवरणहरु प्रष्ट संग भरी फर्म, संस्था वा कम्पनीहरुले प्रत्येक पानामा सही छाप गरी सूचना प्रकाशन भएको मितिले १६ औं दिन दिनको १२.०० बजे भित्र यस कार्यालयमा मात्र दर्ता गर्नु पर्नेछ । नियमानुसार दर्ता हुन आएका बोलपत्रहरु सोही दिनको दिनको २.०० बजे यस कार्यालयमा उपस्थित बोलपत्रदाताहरु र कार्यालयका प्रतिनिधिहरुको रोहवरमा खोलिनेछ । बोलपत्रदाताहरु उपस्थिति नभए पनि बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन । बोलपत्र खरिद गर्ने तथा दर्ता गर्ने र खोल्ने दिन विदा परेमा सो पछि लगतै कार्यालय खुलेको दिन सोही समयमा उल्लेखित कार्यहरु हुनेछन् ।

२. यस कार्यालयबाट प्रमाणित भएको बोलपत्र फाराम बोलपत्र दाता स्वयं वा रितपुर्वकको लिखित वारेस पढाई तोकिएको दस्तूर वुझाई खरिद गर्नूपर्नेछ ।

३. बोलपत्र फाराम खरिद गर्दा निवेदन सहित फर्म वा कम्पनीहरुले व्यवसाय दर्ता प्रमाण पत्र र स्थायी लेखा नम्वर/मु.अ.करको प्रमाण पत्र तथा आर्थिक वर्ष २०७४/७५ को कर चुक्ताको प्रमाणित प्रतिलिपी पेश गर्नुपर्नेछ ।

४. बोलपत्र फारम भरी पेश गर्दा आफुले कवुल गरेको रकम अंक र अक्षरमा प्रष्टसंग लेखी कवोल अंकको कम्तिमा ५ (पाँच प्रतिशत) ले हुन आउने धरौटी रकम यस कार्यालयको कृषि बिकास बैंक,पालुङ्टार शाखा कार्यालय स्थित धरौटी खाता ०३१७७००९५९५३२०१७ ग - ३ मा रकम जम्मा गरेको सक्कल बैंक भौचर वा नेपाल सरकार बाट मान्यता प्राप्त 'क' बर्गको बैंकले यस कार्यालयको नाउमा जारी गरेको सोही रकम बरावरको कम्तीमा ७५(४५+३०) दिन म्याद भएको बैंक जमानी पत्र (बिड वण्ड) गोप्य सिलबन्दी बोलपत्र साथ पेश गर्नुपर्नेछ । कवोल गरेको रकमको अंक र अक्षरमा फरक पर्न गएमा अक्षरमा लेखिएको रकमलाई मान्यता दिईनेछ ।

५. स्वीकृत ठेक्का अंङ्कलाई ३ (तिन) किस्तामा विभाजन गरिनेछ । पहिलो किस्ता ५० %, दोस्रो किस्ता २५ % र तेस्रो किस्ता २५ % मध्ये पहिलो किस्ता ५०% सम्झौताको वखत दाखिला गरि बांकी ५० % को हकमा जमानत वापत नेपाल सरकारको मान्यता प्राप्त क वर्गको बैंकबाट २०७६ श्रावण मसान्त सम्म मान्य हूने बैंक ग्यारेन्टी (परफरमेन्स वण्ड) पेश गर्नुपर्नेछ । ५० % रकमको किस्ता सम्झौता समय भित्र भुक्तानी गर्नुपर्नेछ । ठेक्का सम्झौता गर्दा धरौटी पेश गरेको रकमलाई किस्ता भुक्तानी गर्दा समायोजन गर्न पाईने छैन ।

६. ठेक्का सम्झौता गर्दा कवोल अंकको मु.अ.कर (VAT) १३ प्रतिशत र अग्रिम आयकर वापतको १.५ प्रतिशत रकम थप गरी कुल सम्झौता रकम कायम गरिनेछ ।

७. स्वीकृत ठेक्का अंकको पुरै रकम सम्झौताका बखत एकमुष्ट बुझाउन चाहेमा औचित्य हेरी बढीमा ५ प्रतिशत सम्म छुट दिन सकिनेछ । तर नियामानुसार लाग्ने करमा भने छुट दिईने छैन |

८. कुनै शर्त राखी पेश गरेको, हुलाक मार्फत पठाएको र रित नपुगेको वोलपत्र माथी कुनै कारवाही गरिने छैन ।

९. पेश भएका वोलपत्र स्वीकृत गर्ने वा अस्वीकृत गर्ने, सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

१०. ढुंङ्गा, गिटी, बालुवा उत्खनन्, संकलन तथा बिक्री सम्बन्धमा केन्द्रिय अनुगमन समिति, प्रदेश स्तरीय अनुगमन समिति, जिल्ला अनुगमन तथा समन्वय समिति एवं नगरस्तरीय अनुगमन समितिबाट निर्देशन भए वमोजिम हुनेछ ।

११. पालुङ्टार नगरपालिकाको व्यक्तिगत तथा निषेधित क्षेत्रबाहेकका नदी दायांबाया किनारको ढुंगा, गिट्टी, बालुवा जस्ता नदिजन्य पदार्थ उपयोग तथा विक्री कर तोकिएको डिपोबाट अशूल गर्नूपर्ने, तर नदीनालाको पुल तल माथी दुबैतर्फ ५०० मिटरसम्म नदिजन्य पदार्थ उत्खंनन, संकलन गर्न पाइने छैन ।

१२. प्राकृतिक साधन उपयोग तथा विक्री कर अशुल गर्दा यस कार्यालयले तोकिदिएको दररेटमा मात्र कर अशुली गर्नु पर्नेछ ।

१३. प्राकृतिक स्रोत साधन निकाल्ने प्रयोजनका लागी डोजर, एक्साभेटर, र ६ टायर भएका भन्दा ठुला हेभी उपकरण प्रयोग गर्न पाईने छैन ।

१४. ढुंगा, गिट्टी, बालूवाको उत्खनन् तथा संकलन कार्य सूर्यास्त देखि सूर्योदय नहूदासम्म गर्न पाईने छैन ।

१५. प्राकृतिक स्रोत साधन ओसारपसार गर्दा प्रयोग गरिने बाटो सार्वजनिक मैदानमा निश्चित तोकिएको एउटामात्रै बाटो प्रयोग गर्नु पर्ने छ तथा निकासीका लागि प्रयोग गरिएको बाटो नगरपालिका कार्यालयको निर्देशनमा वोलपत्रदाताले मर्मत सूधार गर्नुपर्ने छ ।

१६. स्थानीयस्तरका प्रत्यक्ष प्रभावित क्षेत्रमा उपभोक्ता समितिद्वारा संचालन हुने सार्वजनिक विकास निर्माण तथा रास्ट्रिय गौरबका आयोजनाको लागि प्राकृतिक स्रोत साधनको आवस्यक परेमा यस कार्यालयको सिफारिसमा प्राथमिकता दिई उपलब्ध गराउनू पर्नेछ ।

१७. प्राकृतिक स्रोत साधन उपयोग तथा विक्रीकर संकलन गर्ने प्रयोजनका लागी न.पा. कार्यालयले आवश्यकता अनूसार डिपो निर्धारण गर्न सक्नेछ । साथै स्थानीय तहबाट निकासी गरिने नदिजन्य पदार्थको निकासिकर सम्बन्धित डिपोलाई बूझाउनू पर्नेछ ।

१८. ढुङ्गा, गिट्टी, बालुवा, ग्रावेल उत्खनन् गर्दा गण्डकी प्रदेश सरकारबाट स्वीकृत ढुङ्गा, गिटी, बालुवा उत्खनन्, संकलन, क्रसिड. र विक्रि वितरण तथा क्रसर उद्योग स्थापना र संचालनलाई व्यवस्थित गर्ने कार्यविधि २०७५ को पालना गर्नुपर्नेछ ।

१९. ढुवानी साधनले वहन गर्न पाउने तौल भन्दा बडी तौल राखी वा न्यून विलकाटि ढुवानीका साधन सडकमा गुडाउन, पानीले भिजेको र पानी चूहाएर ढुंगा, गिट्टी, वालूवा, वोकेर र नछोपी खूल्ला रुपले ढुवानी गर्न पाईने छैन ।

२०. नेपाल सरकारको मौजुदा कानुनी व्यवस्था अनुसार आषाण, श्रावन, भाद्र सम्म (३ महिना ) नदिजन्य पदार्थ उत्खनन् तथा संकलन गर्न नपाईने व्यवस्था भएकाले सो को पूर्णरुपले पालना गर्नू पर्नेछ ।

२१. उत्खनन् गरिएको नदिजन्य पदार्थ नदि किनारा वा सार्वजनिक चौरमा घाटगद्दी गर्न पाईने छैन, त्यसका लागि वोलपत्र दाताले आफ्नो अलग्गै जग्गाको व्यवस्थापन गर्नू पर्नेछ |

२२. कुनै पनि वन्द हड्ताल, प्राकृतिक प्रकोप आदि कारण देखाई छुट वा मिनाहाको दावी गर्न पाईने छैन । नदिजन्य पदार्थ उत्खनन्, संकलन तथा ढुवानी गर्दा कूनै विवाद उत्पन्न भएमा वोलपत्रदाता स्वयंले व्यवस्थापन गर्नु पर्नेछ ।

२३. माथि उल्लेखित सर्तहरु उल्लघंन गरेमा वा तोकिएको किस्ता म्याद भित्र नबुझाएमा कार्यालयको तर्फबाट ठेक्का तोडी वाकी रहेको किस्ता बैंक ग्यारेन्टीबाट अशुल उपर गर्ने गरी कानुनी प्रकृया अपनाईने छ साथै अशुल गर्न वाकी रकममा १० प्रतिशत थप क्षतीपूर्ति समेत जोडी सरकारी बाकी सरह अशुल उपर गरिनेछ ।

२४. यो ठेक्का सग सम्बन्धित सम्पूर्ण सरोकारवालाको सुविधाका लागि सुचना प्रकाशित मितिको १० औ दिन प्रि.विड छलफल राखिने हुनाले उक्त दिन कार्यालय समयमा इच्छुक फर्म वा कम्पनीहरुलाई यस कार्यालयमा उपस्थितीका लागि जानकारी गराईन्छ ।

२५. यस सूचनामा उल्लेख भएको विषय यसै सूचना बमोजिम र यस सुचनामा उल्लेख नभएको हकमा प्रचलित ऐन नियम, जिल्ला समन्वय समितिको कार्यालय गोरखाबाट स्वीकृत प्रारम्भिक वातावरणीय परिक्षण (IEE) प्रतिवेदन २०७५ बमोजिम हुनेछ । प्रारम्भिक बातावरणीय परीक्षण प्रतिवेदन २०७५ (IEE) का प्रावधानहरुको व्याख्या गर्ने अधिकार पालुङ्टार नगरपालिकामा सुरक्षित रहनेछ ।

२६. यस सूचनामा उल्लेख भएका शर्तहरु यस ठेक्काको प्रयोजनका लागि अभिन्न अंगको रुपमा मानिनेछन् ।

२७. विस्तृत् जानकारीका लागि कार्यालय समय भित्र यस कार्यालयको फोन नं. ०६४-४००००२ सम्पर्क गरी जानकारी लिन सकिनेछ ।

**प्रमुख प्रशासकीय अधिकृत**